# विषयसूची


**खण्ड १ परिचय** ३

**१.१ भूमिका** ३

**१.२ उद्देश्य** ३

**१.३ अध्ययन सीमा** ३

**खण्ड २ नगरको वस्तुस्थिति विवरण** ४

**२.१ नगरको भौगोलिक तथा भौतिक स्थिति चित्रण** ४

२.१.१ भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक, प्रशासनिक विभाजन ४
२.१.२ भूक्षेत्र (टोपोग्राफी) ४
२.१.३ माटोको बनावट ४
२.१.४ जलवायु ५

**२.२ जनसंख्या विवरण तथा प्रक्षेपण** ५

२.२.१ जनसंख्याको आकार तथा बनावट ५
२.२.२ जनसंख्याको वृद्धिदर ५
२.२.३ जनसंख्याको वितरण (वडा अनुसार) ७
२.२.४ धर्म, जनजाति तथा भाषागत जनसंख्या विवरण ९
२.२.५ टोल विकास संस्था अनुरुप जनसंख्या विवरण ११

**२.३ भूउपयोग** १५

२.३.१ वर्तमान भूउपयोग १५
२.३.२ कृषि क्षेत्र १६
२.३.३ नदीनाला तथा वनजङ्गल १७

**२.४ शहरीकरणको स्वरूप** १८

**२.५ नगरको आर्थिक तथा रोजगारी स्थिति** १९

२.५.१ श्रमशक्ति तथा रोजगारी स्थिति १९
२.५.२ व्यापार तथा उद्योग क्षेत्रको स्थिति १९
२.५.३ पर्यटन तथा सेवा क्षेत्रको स्थिति २१

**२.६ भौतिक तथा सार्वजनिक पूर्वाधार** २२

२.६.१ सडक, यातायात २२

२.६.२ सञ्चार प्रणाली २३
२.६.३ शहरी विद्युतीकरण तथा वैकल्पिक ऊर्जा विकास स्थिति २३
२.६.४ खानेपानी आपूर्ति २४

**२.७ सामाजिक पूर्वाधार तथा सेवा २५**
२.७.१ शिक्षा २५
२.७.२ स्वास्थ्य २८
२.७.३ महिला तथा बालबालिकाको विकास स्थिति २८
२.७.४ अपांगताको स्थिति २९

**२.८ मनोरञ्जन तथा खुल्ला क्षेत्र २९**

**२.९ शहरी वातावरणको स्थिति २९**
२.९.१ वायु तथा जल प्रदूषण २९
२.९.२ ढल निकास र फोहरमैला प्रदूषण २९
२.९.३ अन्य वातावरणीय समस्याहरू ३०

**२.१० संस्थागत स्रोत तथा क्षमता ३०**
२.१०.१ नगरपालिका कार्यालयको आम्दानी विवरण ३०
२.१०.२ नगरपालिकाको खर्च विवरण ३२
२.१०.३ व्यास नगरपालिकाको संगठन स्वरुप ३६

# खण्ड १ परिचय

## २.१भूमिका

दमौली गाविस र स्याम्घा गाविसका केही माग समेटेर वि.स. २०४८ साल चैत्रमा स्थापित यस व्यास नगरपालिका पश्चिमाञ्चल विकास क्षेत्र स्थित गण्डकी अंचल तनहूँ जिल्लामा अवस्थित छ। सेती र मादी नदीको पवित्र संगम तटमा अवस्थित महर्षि वेद व्यास र पराशरको तपोभूमि तथा कर्मक्षेत्र रहेको यस व्यास नगरपालिका तनहुँ जिल्लाको सदरमुकाम हो। भौगोलिक, जातिगत र भाषागत भिन्नता भएको व्यास नगरपालिका पृथ्वी राजमार्गको कारणले गर्दा आधुनिक शहरी विकास तर्फ लम्कंदै गरेको छ।सदरमुकाम बन्दीपुरबाट दमौली सार्नु अगाडि यस क्षेत्रमा दरै तथा बोटेहरु बस्दै आइरहेका थिए ।

## २.१उद्देश्य

स्थानीय विकास मन्त्रालयको आवधिक योजना तर्जुमा निर्देशिका २०५९ ले आवधिक योजनालाई परिभाषित गरेको "नगरको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासका लागि दीर्घकालीन सोचले निर्धारण गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न कम्तिमा ५ देखि ७ वर्ष अवधिका लागि तयार गरिएको दस्तावेजमा निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सिद्धान्त रणनीति र कार्यनीति तथा प्रमुख कृयाकलापहरु समेत पहिचान गरी उल्लेख गरिएको" भन्ने भावना अन्तर्गत रही **व्यास नगरपालिका**को आवधिक योजना तर्जुमा गर्नु प्रमुख उद्देश्य रहेको छ ।

नगरपालिकाको आवधिक योजनाले नगर क्षेत्रको योजनाबद्ध विकाससँग सम्बन्धित पक्षलाई समेट्नुपर्ने भएकोले यसले बहुविषयगत सवालहरूलाई सूक्ष्मरूपमा विश्लेषण गरी एकीकृत विकास योजनाको स्वरूप ग्रहण गर्दछ । त्यसका लागि नगर विकाससँग सम्बन्धित सूचना एवम् तथ्याङ्कको सङ्कलन, विश्लेषण, प्रमाणीकरण गर्ने र सो को आधारमा समस्या र संभावनाको पहिचान गरी भावी योजना तयार गर्नुपर्दछ । विगतको अनुभव र वर्तमानको यथार्थता विना तयार गरिने भावी योजना सफल हुन नसक्ने हुंदा उपलब्ध सूचना तथा तथ्याङ्कहरुको सङ्कलन गरी नगरपालिकाको वस्तुस्थिति विवरण तयार पार्ने योजना तर्जुमाको प्रथम चरणको कार्य अन्तर्गत पर्दछ ।

## २.१अध्ययन सीमा

नगरपालिकाको आवधिक योजना दिइएका सात बिषयगत क्षेत्र भौतिक, सामाजिक, वातावरण व्यवस्थापन, आर्थिक, वित्तीय, संस्थागत विकास तथा जोखिम व्यवस्थापनमा बिस्तृत तथा गहन रुपमा आधारित भएको हुंदा तथ्यांक संकलन गर्दा अन्य शीर्षकहरुलाई न्यून रुपमा मात्रै समाहित गरिएको छ ।

सीमित श्रोत, साधन तथा समयलाई सदुपयोग गरी सम्पन्न गर्नुपर्ने हुदा वस्तुस्थिति विवरणमा उल्लेखित तथ्यांक अधिकतम द्धितीय तहबाट संकलित हुन् । धेरैजसो परिस्थितिमा यी तथ्याङकहरु निरन्तर रुपमा अद्यावधिक नहुने हुंदा पुराना तथा प्रक्षेपित तथ्याङकको आधारमा रहेर विश्लेषण गरी योजना तर्जुमा गरिएको छ ।

# खण्ड २ नगरको वस्तुस्थिति विवरण

## २.१ नगरको भौगोलिक तथा भौतिक स्थिति चित्रण

### २.१.१ ***भौगोलिक अवस्थिति, सिमाना तथा राजनीतिक, प्रशासनिक विभाजन***

व्यास नगरपालिका काठमाडौं देखि १५० कि.मी. पश्चिम र पोखराबाट ५० कि.मी. पूर्व पृथ्वी राजमार्गमा रहेको छ ।







**VYAS MUNICIPALITY & ADJACENT VDCS**

भौगोलिक हिसाबले हेर्दा यो नगर समुन्द्री सतहबाट ३१० मि. देखि ११२० मि. सम्मको उचाइमा छ भने यसको जम्मा क्षेत्रफल ५९ वर्ग कि.मि. छ। *(स्रोत नगरप्रोफाइल, २०६३)* यो नगर जम्मा ११ वडामा विभाजित गरिएको छ। यसको सिमाना पूर्वमा पोखरीभन्ज्याङ, घाँसीकुवा र वरभन्ज्याङ गा.वि.स., पश्चिममा जामुने, मनपाङ र स्याम्घा गा.वि.स., उत्तरमा क्यामिन र तनहुंसुर गा.वि.स. र दक्षिणमा कोटदरवार र काँहु शिवपुर गा.वि.स. रहेका छन।

### ***२.१.२ भूक्षेत्र (टोपोग्राफी)***

व्यास नगरपालिका पहाडी क्षेत्रमा अवस्थित छ । यस नगरपालिकाले ओगटेको कुल जमीनमध्ये करीब १० प्रतिशत जमीन मात्र समथर छ । वडा २ र १० का पूरा क्षेत्रमात्र समथर भूभागमा पर्दछ भने १, ५, ७, ८ र ११ का केही भागमा मात्र शहरी विस्तारको सम्भावना छ । बाँकी जमीन जगंल, भिरालो, पहाड र कृषि भूमिले ढाकेको छ।

### ***२.१.३ माटोको बनावट***

व्यास न.पा. क्षेत्रको भूगर्भीय चट्टानको वनावट कडा-ठोस छ । यस्तो चट्टान पृथ्वीको सतह स्थिरिकरणतिर लाग्दा सेलाउदै-सेलाउदै गई अन्तिम अवस्थामा स्थिर भए जस्तो वुभिन्छ । यहाँ यत्रतत्र छरिएर बसेका काला काला चट्टान र कडा पत्रदार पहराहरु देख्न सकिन्छ । भूकम्पीय क्षयमान (Seismic Hazard) को हिसावले पनि यो क्षेत्र १५०-२०० सम्मको क्षयमानको हाराहारीमा पर्दछ । जुन भूकम्पिय जोखिमको हिसावले कम जोखिमयुक्त मानिन्छ ।


### *२.१.४ जलवायु*

यस नगरमा औषत वर्षा १९६०.६ मी.मी. पर्छ भने यसको औषत तापक्रम न्यूनतम ८.४° से. देखि अधिकतम ३७.०° से. सम्म रहेको पाइन्छ ।

## २.२ जनसंख्या विवरण तथा प्रक्षेपण

### *२.२.१ जनसंख्याको आकार तथा बनावट*

२०५८ सालको जनगणना अनुसार व्यास नगरपालिकाको कुल ६५११ घरधुरीमा जम्मा २८२४५ जनसंख्या बस्दै आएका छन् जसमध्ये पुरुष १३४४९ र महिला १४७९६ छन् । प्रक्षेपण गर्दा हालको जनसंख्या करीब ४२,००० हुनुपर्ने देखिएता पनि टोल विकास संस्था, २०६७ (प्राथमिक सर्वेक्षण) अनुसार मात्र ३५,२७८ रहेको छ जसमध्ये १७,८६३ पुरुष र १७,४१५ महिला रहेका छन् ।





*श्रोत: जनगणना २०५८*

उमेर समूह अनुसार जनसंख्या वितरण हेर्ने हो भने ५ देखि १९ वर्षको संख्या सबभन्दा वढी देखिन्छ । आर्थिक रुपले सक्रिय उमेर समूह (१५-५९) बढी जसो नगरपालिका भन्दा वाहिर वसाई सरी गएको देखिन्छ ।

### *२.२.२ जनसंख्याको वृद्धिदर*

गत दशक भन्दा यस दशकमा प्रति वर्ष जनसंख्या वृद्धिदर ३.५ वाट घटेर २.५ % हुन गएको छ। जनसंख्या वृद्धि पनि बजार क्षेत्र भन्दा शहरोन्मुख वडाहरुमा वढ्दो देखिन्छ ।


## जनसंख्या वृद्धिदर तथा प्रक्षेपण




| | १९९६ | २००१ | २०१० | २०२० (प्र) | २०३० (प्र) |
|---|---|---|---|---|---|
| जनसंख्या | २४,२५९ | २८,२४५ | ३५,२७८ | ४५,१६४ | ५७,८२१ |

प्रति वर्ष जनसंख्या वृद्धिदर २.५ % ले जनसंख्या प्रक्षेपण गर्दा आजले १० वर्ष पछि करिब ४५,००० र २० वर्ष पछि करिब ५८,००० पुग्न आउँछ ।

## वडागत जनसख्या वृद्धि




| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २००१ | ३६२२ | ४०६९ | २१४२ | १६४९ | ३१३८ | २११५ | १५५६ | १६४४ | २०१५ | २९२७ | ३३६८ |
| २०१० | ६५७५ | ४१५५ | २७८४ | २२३५ | ३७३९ | २७४६ | २१४५ | २०७४ | २५३४ | २५९२ | ३६९९ |

*श्रोत: जनगणना २०५८, टोल विकास संस्था, २०६७ (न.पा. प्राथमिक सर्वेक्षण)*

| साल | जन्म | मृत्यु | विवाह | बसाइँसराइ | |
|---|---|---|---|---|---|
| | | | | भित्र | बाहिर |
| २०६२ | १०७९ | ११९ | ५८१ | ३४३ | ११८ |
| २०६३ | १०९२ | १२९ | ४९४ | ४४९ | ११९ |
| २०६४ | ७७८ | ११९ | ३८० | ३५९ | ५० |
| २०६५ | १५३२ | १६७ | ५२९ | ३४७ | १२२ |
| २०६६ | ८६२ | १४० | ६१८ | ३२९ | १०८ |


*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

बसाइँसराइको क्रम हेर्दा नगरभित्र आएका भन्दा बाहिर गएका बढी देखिन्छ र यसमा पनि आर्थिक रुपले सक्रिय उमेरको संख्या बढी छ ।


२०५८ को जनगणना अनुसार यहाँको कुल जनसंख्याको करीब ९८ प्रतिशत जति नेपालमा नै जन्मेका हुन् भने त्यसमा पनि ८६.६ प्रतिशत यही जिल्लाका हुन्। अरु जिल्लाबाट आएका मध्ये शहरी क्षेत्रबाट भन्दा ग्रामीण क्षेत्रबाट बढी छन्। विदेशबाट आएका मध्ये पनि महिला भन्दा पुरुषको संख्या बढी छ ।

### *२.२.३ जनसंख्याको वितरण (वडा अनुसार)*


वडागत जनसंख्या हेर्दा सबभन्दा बढी जनसंख्या नगरपालिकाको मुख्य बजार क्षेत्र रहेको वडा २, १०, ११ तथा शहरोन्मुख वडाहरुमा देखिन्छ। सोही अनुरुप, जनघनत्व पनि ती नै वडाहरुमा बढी देखिन्छ।




*श्रोत: जनगणना २०४८ र २०५८*




*श्रोतः टोल विकास संस्था, २०६७ (न.पा. प्राथमिक सर्वेक्षण)*





| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनघनत्व(व्य.प्र.हे.) | १२ | १२३ | ५ | ३ | ५ | ३ | ३ | ४ | ३ | ३५ | १७ |

*श्रोतः टोल विकास संस्था, २०६७ (न.पा. प्राथमिक सर्वेक्षण)*


### *२.२.४ धर्म, जनजाति तथा भाषागत जनसंख्या विवरण*

व्यास नगरपालिकामा विभिन्न खालका जातजातिहरु बसोबास गर्दै आइरहेका छन् । यहाँ मुख्यतया ब्राहमण, मगर, क्षेत्री, दरै, नेवार र गुरुङ्गहरु बस्दछन् । २०५८ को जनगणना अनुसार नगरपालिकामा ब्राहमणको बाहुल्यता देखिन्छ, त्यसपछि मगर र क्षेत्री जाति छन् । दरै तथा बोटे यहाँका आदिबासी जनजातिहरु हुन् भने हाल वडा नं. १ भादगाउँमा दरैहरुको बाक्लो बस्ती छ ।




*श्रोत: जनगणना, २०५८*

यहाँ आधी भन्दा बढी मानिसहरु नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्दछन् भने त्यसपछि दरै भाषा बोल्ने बढी छन् । त्यस्तै तनहुँ जिल्लामा सत्तरी प्रतिशत जनसंख्या मगर भएकाले मगर भाषालाई पनि धेरैजनाले आफ्नो मातृभाषाको रुपमा प्रयोग गर्दै आएका छन् ।




*श्रोतः राष्ट्रिय जनगणना, २०५८*

यस नगरपालिकामा हिन्दु धर्म मान्नेहरुको बाहुल्यता छ। वडा २, ३ र ११ मा केही मात्रामा बौद्ध धर्मावलम्वीहरु बसोबास गर्दछन् भने वडा २ मा विभिन्न धर्मावलम्वीहरु बस्दै आइरहेका छन् ।

**व्यास नगरपालिकाको धर्म संरचना**

| धर्म | जनसंख्या | घरधुरी |
|---|---|---|
| हिन्दू | ३१९३६ | ६०४१ |
| बौद्ध | १५४५ | २९९ |
| क्रिस्चियन | ५२७ | १०३ |
| मुस्लिम | ३७१ | ५६ |
| कृष्ण | ९३ | १६ |
| रजक | ८७ | १८ |
| अन्य | ७१९ | १५९ |

*श्रोतः टोल विकास संस्था, २०६७ (न.पा. प्राथमिक सर्वेक्षण)*

### *२.२.५ टोल विकास संस्था अनुरुप जनसंख्या विवरण*

नगरपालिकाको ११ वटै वडाहरुमा गरी अहिलेसम्म जम्मा १४४ टोल विकास संस्थाहरु गठन भएका छन् । २०६७ मा गरिएको सर्वेक्षण अनुरुप टोलहरुमा जनसंख्या वितरण निम्न अनुसार छ ।

**व्यास नगरपालिकाको जनसंख्या विभाजन**

| टोल विकास संस्थाका नामहरु | घरधुरी संख्या | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| **व्यास नगरपालिका** | **६,६९२** | **१७,८६८** | **१७,४१०** | **३५,२७८** |
| ***वडा १*** | ***१,३०९*** | ***३,३७८*** | ***३,१९७*** | ***६,५७५*** |
| अकला बगैंचा | ८८ | २०७ | २२७ | ४३४ |
| अम्रेनी टोल | ३७ | ७९ | ९८ | १७७ |
| भादगाउँ | ९८ | २३७ | २१८ | ४५५ |
| विज्ञान चौर | ८४ | २३१ | १९१ | ४२२ |
| चारकुने | १२६ | ३२२ | २८५ | ६०७ |
| गल्बुवेसी | ९४ | २४९ | २२४ | ४७३ |
| हाइ स्कूलटार | १२९ | ३३३ | ३२६ | ६५९ |
| जन चेतना | ३४ | ८० | ८७ | १६७ |
| खकौली | ३४ | ९७ | ७२ | १६९ |
| कुन्छाली | २५ | ६३ | ५४ | ११७ |
| माहिली डांडा | ३८ | ८५ | ९२ | १७७ |
| मोहरीयाटार | ५६ | १४० | १३९ | २७९ |
| मुसे खोला | ४२ | १०९ | १०० | २०९ |
| नव आदर्श | ९९ | २५४ | २४८ | ५०२ |
| निर्मल जन सुन्दर | ३३ | ७८ | ७२ | १५० |
| निर्मल नगर | ६३ | १७५ | १६० | ३३५ |
| रजआँप | १३ | ४६ | ४७ | ९३ |
| सिर्जनशील | ४४ | ११९ | १११ | २३० |
| ताल घरे | ६९ | १८० | १७० | ३५० |
| ठूलो गाउँ | १०३ | २९४ | २७६ | ५७० |

| | | | | |
|---|---|---|---|---|
| ***वडा २*** | ***७८४*** | ***२,०६७*** | ***२,०८८*** | ***४,१५५*** |
| अमरापूरी (पूल्चोक) | ४९ | १२७ | १२७ | २५४ |
| अमरापूरी | ६८ | १५७ | १५७ | ३१४ |
| बाग बजार | ७५ | १८३ | १७३ | ३५६ |
| वाल मन्दिर | ५६ | १०६ | ११५ | २२१ |
| दमौली | २२ | ६४ | ६१ | १२५ |
| जन जागृती | १३६ | ३६६ | ३७३ | ७३९ |
| कालिका | ३६ | ११६ | ११२ | २२८ |
| लक्ष्मी | ४६ | १३२ | १५२ | २८४ |

| | | | | |
|---|---|---|---|---|
| नव जागरण टोल | ४० | ९१ | ८७ | १७८ |
| न्यू रोड | ४१ | १३६ | १३९ | २७५ |
| सत्यवती | ५६ | ११९ | १३५ | २५४ |
| सिद्धार्थ | ४२ | ११९ | १०० | २१९ |
| सिद्धी विनायक | २८ | ८६ | ७१ | १५७ |
| श्री टोल | ५४ | १६५ | १७२ | ३३७ |
| उत्तरशिला | ३५ | १०० | ११४ | २१४ |

| *वडा ३* | *५३८* | *१,४१८* | *१,३६६* | *२,७८४* |
|---|---|---|---|---|
| | ४७ | १२२ | १४४ | २६६ |
| बागे चौर | १९ | ५६ | ५१ | १०७ |
| बसन्त | २८ | ७४ | ६७ | १४१ |
| भन्ज्याङ्ग | ३८ | १०५ | १०५ | २१० |
| दरै पँधेरा | ५४ | १४४ | १६२ | ३०६ |
| गैराबारी | २४ | ७० | ५४ | १२४ |
| कोकल डाँडा | ४८ | १२८ | ११८ | २४६ |
| निर्बू | ४५ | १०७ | ११४ | २२१ |
| राम दास | २७ | ९१ | ८० | १७१ |
| रानी गाउँ शिव मन्दिर | १२४ | ३१८ | २८० | ५९८ |
| शेरा | २९ | ७३ | ७१ | १४४ |
| श्रीजनशील | २९ | ७६ | ६७ | १४३ |
| तल्लो पोल्याङ्ग | २६ | ५४ | ५३ | १०७ |

| *वडा ४* | *४११* | *१,१२२* | *१,११३* | *२,२३५* |
|---|---|---|---|---|
| बेलटारी | ४५ | १२० | १३१ | २५१ |
| डाँडा गाउँ | ३२ | ९० | ८१ | १७१ |
| दर गाउँ | २७ | ६८ | ६५ | १३३ |
| फराक चौर | २७ | ७० | ६९ | १३९ |
| फेदी फाँट | ४९ | १४६ | १२७ | २७३ |
| जामुने | १९ | ५७ | ५८ | ११५ |
| मूलपानी | ५१ | १३६ | १३६ | २७२ |
| पूरानो डिही | ४१ | ११९ | १०९ | २२८ |
| रातमाता | ६३ | १६९ | १६४ | ३३३ |
| सुन्धारा | ३२ | ९३ | १०२ | १९५ |
| थुम्केली गाउँ | २५ | ५४ | ७१ | १२५ |

| *वडा ५* | *६९९* | *१,९००* | *१,८३९* | *३,७३९* |
|---|---|---|---|---|
| अत्रौली | ३१ | ७९ | ९० | १६९ |
| बैरेनी | ११७ | ३१७ | ३१५ | ६३२ |

| | | | | |
|---|---|---|---|---|
| बेलटारी | २८ | ६६ | ७५ | १४१ |
| भन्ज्याङ्ग | २६ | ७० | ५५ | १२५ |
| डिही कुना | ४२ | १०९ | ८९ | १९८ |
| दुम्सी माथि नमूना ग्राम | ४७ | १६३ | १५५ | ३१८ |
| दुम्सी तल | ३७ | १०५ | १०१ | २०६ |
| गणेश टोल | ४८ | ११८ | ११८ | २३६ |
| हिमपानी | ५८ | १६६ | १७४ | ३४० |
| कुमालटारी | ३८ | १०७ | १०० | २०७ |
| मंगल गैरा | २५ | ७२ | ६२ | १३४ |
| नयाँ बस्ती | ३७ | ९५ | ९६ | १९१ |
| रत्न | २१ | ५९ | ५३ | ११२ |
| सेवर दरै गाउँ | १७ | ३६ | ४४ | ८० |
| सेवर | २४ | ६५ | ५६ | १२१ |
| शान्ति नगर | ७४ | १८९ | १७६ | ३६५ |
| शीतल गुफा | २९ | ८४ | ८० | १६४ |

| | | | | |
|---|---|---|---|---|
| ***वडा ६*** | ***४७८*** | ***१,३८१*** | ***१,३६५*** | ***२,७४६*** |
| वरबोटे | ५० | १३९ | ११३ | २५२ |
| क्षेत्री गाउँ | ३० | ७४ | ८३ | १५७ |
| चिन्टुटार | ५५ | १९० | १८९ | ३७९ |
| चुंदेर | ५० | १५१ | १४९ | ३०० |
| हाडिगाउँ | ४२ | १२८ | १२७ | २५५ |
| नेपालटार | ५० | १४३ | १५४ | २९७ |
| रानीतादी | ६४ | १६६ | १७५ | ३४१ |
| सेरा चापाटार | ८० | २१७ | २२२ | ४३९ |
| भंगेरी | १५ | ६१ | ७१ | १३२ |
| याम्दी चापाटार | ४२ | ११२ | ८२ | १९४ |

| | | | | |
|---|---|---|---|---|
| ***वडा ७*** | ***४००*** | ***१,०७९*** | ***१,०६६*** | ***२,१४५*** |
| अलैंचे | ४२ | ११८ | १०४ | २२२ |
| बेनी पाटन | ५६ | १४४ | १३९ | २८३ |
| वेतेनी | ३४ | ८७ | ८२ | १६९ |
| देउराली | २५ | ७३ | ९४ | १६७ |
| ढोडेनी | ३२ | ९३ | १०१ | १९४ |
| कटुवा | ३८ | १०३ | १०३ | २०६ |
| मानुङ्गकोट | १६ | ५६ | ५१ | १०७ |
| पाटन | ५७ | १५४ | १४६ | ३०० |
| सौराहा | ४० | ११८ | ११४ | २३२ |

| | | | | |
|---|---|---|---|---|
| तल्लो पाटन | २५ | ५४ | ५० | १०४ |
| ट्याम्कीडाँडा | ३५ | ७९ | ८२ | १६१ |

| ***वडा ८*** | ***३९७*** | ***१,०६७*** | ***१,००७*** | ***२,०७४*** |
|---|---|---|---|---|
| भू.पू. चोक | ३० | ९२ | ९४ | १८६ |
| चापाधाट | ७५ | २०४ | १९३ | ३९७ |
| कन्टार | २६ | ६९ | ५२ | १२१ |
| कन्टार चनौटे | २४ | ५८ | ५७ | ११५ |
| काउराको फेद | ४१ | ८८ | ७६ | १६४ |
| पतेनी दरै गाउँ | ४० | ११० | ११८ | २२८ |
| पतेनीटार टोल | ४३ | ११५ | १२० | २३५ |
| सांगे दरैगाउँ | ३४ | ९९ | ८१ | १८० |
| शिवालय | २० | ५२ | ५३ | १०५ |
| सिरदी टोल | २९ | ८८ | ८० | १६८ |
| ठुलोटार | ३५ | ९२ | ८३ | १७५ |

| ***वडा ९*** | ***४७२*** | ***१,२८६*** | ***१,२४८*** | ***२,५३४*** |
|---|---|---|---|---|
| अँधेरी भन्ज्याङ्ग | ९२ | २३१ | २३६ | ४६७ |
| वि पी भन्ज्याङ्ग | ४७ | १४७ | १३५ | २८२ |
| वर चौतारा | २१ | ४५ | ५० | ९५ |
| दुम्सीचौर | ६९ | १९० | २०९ | ३९९ |
| दुम्सीकोट | ४१ | ९७ | ९९ | १९६ |
| खहरे | ७४ | २२७ | २१० | ४३७ |
| कोलगैरा | १८ | ४९ | ५० | ९९ |
| माईथुम्का | २८ | ७९ | ६२ | १४१ |
| निवुवाटारी | १९ | ६० | ५२ | ११२ |
| श्री भन्ज्याङ्ग | ६३ | १६१ | १४५ | ३०६ |

| ***वडा १०*** | ***४९५*** | ***१,३१०*** | ***१,२८२*** | ***२,५९२*** |
|---|---|---|---|---|
| बुद्धपार्क | ६१ | १५४ | १५४ | ३०८ |
| देउराली नगर | १२४ | ३६४ | ३५४ | ७१८ |
| महर्षि | ४० | १११ | ११५ | २२६ |
| निमचोक | ५१ | ११७ | १२२ | २३९ |
| पराशर | ५५ | १५८ | १४१ | २९९ |
| पूल्चोक | ५० | १२९ | ११८ | २४७ |
| शान्ति नगर | ७५ | १५९ | १५६ | ३१५ |
| सिर्जना मार्ग | ३९ | ११८ | १२२ | २४० |

| *वडा ११* | *७०९* | *१,८६०* | *१,८३९* | *३,६९९* |
|---|---|---|---|---|
| बेद व्यास | ५१ | ११४ | १३४ | २४८ |
| बिरता | ४५ | ११० | १०७ | २१७ |
| व्यास मार्ग | ४२ | ११७ | ११८ | २३५ |
| चुरेखोल्सी | ३० | ८७ | ७७ | १६४ |
| हरि ऊँ | ८० | १९६ | १८४ | ३८० |
| जल देवी 'क' | ८१ | २३१ | २३७ | ४६८ |
| जल देवी 'ख' | ४७ | १३८ | १२२ | २६० |
| जुडेपानी | ३५ | ८९ | ८८ | १७७ |
| पेट्रोल पम्प लाइन | ३८ | १०९ | १०५ | २१४ |
| पृथ्वी टोल | २६ | ८४ | ७७ | १६१ |
| संगम | ५१ | १३० | १२१ | २५१ |
| सांखर | ६४ | १३४ | १३७ | २७१ |
| श्री कृष्ण | ५४ | १४७ | १५४ | ३०१ |
| सितल चोक | ६५ | १७४ | १७८ | ३५२ |

*श्रोतः टोल विकास संस्था, २०६७ (न.पा. प्राथमिक सर्वेक्षण)*

## २.३ भूउपयोग

### *२.३.१ वर्तमान भूउपयोग*

नगरपालिका भए तापनि व्यासको आधा भन्दा बढी भू भाग कृषि भुमिले ओगटेको छ। कृषि पछि वनले करीव ३० प्रतिशत क्षेत्रफल ओगेटेको छ । यहाँ खुल्ला क्षेत्र करीव न्यून नै रहेको देखिन्छ।व्यास नगरपालिकाको वर्तमान भूउपयोग निम्न तालिकामा देखाइएको छ ।

| क.स. | भू-उपयोग | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|
| १ | कृषि | ३,१९५.५६ | ५२.८०% |
| २ | वनजंगल | १,७८५.८२ | २९.५१% |
| ३ | बस्ती | ३५२.७६ | ५.८३% |
| ४ | झाडी | २८०.५९ | ४.६४% |
| ५ | बगर क्षेत्र | २५४.१३ | ४.२०% |
| ६ | जल क्षेत्र | ११५.२६ | १.९०% |
| ७ | घाँसे मैदान | ६७.६० | १.१२% |
| ८ | खुल्ला जग्गा | ०.१८ | ०.००% |
|  | जम्मा | ६,०५१.८९ |  |

*Source: Vyas municipality topographical map, Dept. of Survey; Field Survey, 2067 B.S.; Google Earth 2010*

भू उपयोगककै क्रममा हेर्ने हो भने नगरपालिकाका वडाहरुलाई करीब तीन समुहमा बिभाजन गर्न सकिन्छ शहरी, अर्द्ध शहरी तथा ग्रामीण । वडा नं. २, १० तथा ११ का केही भागहरुमा पूर्ण तथा बस्तीको विकास भइसकेको छ भने वडा नं. १, ७, ८ लाई अर्ध शहरी क्षेत्रको रुपमा लिन सकिन्छ र बाँकी वडाहरु पूर्ण तथा ग्रामीण भेगमा नै पर्दछन् ।

नगरपालिकाको २०६२को प्रोफाइल अनुसार बस्ती क्षेत्रमा पनि ग्रामीण आवासीयले ७० प्रतिशत भन्दा बढी भूभाग ओगटेको छ भने शहरी आवसीय क्षेत्र करीव १८ प्रतिशत मात्र छ । त्यसैगरी सार्वजनिक जग्गा जम्मा २.५ प्रतिशत छ र संस्थागत करीब ६ प्रतिशत ।

### *२.३.२ कृषि क्षेत्र*

कृषिको बाहुल्यता रहेको यस नगरपालिकामा कृषि योग्य जमीन जम्मा ३६२८ हे. छ । खेतमा पनि जम्मा ३३० हे. जमीनमा पूरै सिंचाइ उपलब्ध छ भने बाकी खेतहरु अर्ध सिंचित छन् ।

| | | |
|---|---|---|
| कृषि योग्य जमिन (हेक्टर) | खेत | ८३१ |
| | पाखो वारी | २७९६ |
| | जम्मा | ३६२७ |
| अन्य जमिन (हेक्टर) | वगर | ४२८ |
| | चरण | ७३९ |
| | वन | १००८ |
| सिंचाई सुविधा (हेक्टर) | सिंचित | ३३१ |
| | अर्ध सिंचित | ५०० |
| | सिचाई नभएको | २७९६ |

*श्रोत: जिल्ला कृषि कार्यालय, २०६४।६५*

जिल्ला कृषि कार्यालय अन्तर्गत संचालित सिंचाइका योजनाहरु यस प्रकार रहेका छन्।

| क्र.सं. | योजनाको नाम | सिंचाईको किसिम | वडा | सिंचित जमिन (रोपनी) | | | प्रकार |
|---|---|---|---|---|---|---|---|
| | | | | भैरहेको | नयाँ थपिएको | जम्मा | |
| १ | डुडेफाँट | सतह | ३ | १०८ | ६० | १६८ | सहकारी खेती साना सिचाई |
| २ | दुम्सी | सतह | ५ | १०८ | ६० | १६८ | |
| ३ | भतेरी कुलो निर्माण | सतह | ८ | ९१ | १२ | १०३ | |
| ४ | विर्ता | सतह | ११ | ६२ | १० | ७२ | |
| ५ | लघु सिचाई | पोखरी | ७ | ० | ४८ | ४८ | |

| क्र.सं. | योजनाको नाम | सिंचाईको किसिम | वडा | सिंचित जमिन (रोपनी) | | | प्रकार |
|---|---|---|---|---|---|---|---|
| | | | | भैरहेको | नयाँ थपिएको | जम्मा | |
| ६ | सांगे पतेनी | नहर | ८ | | | ४० | जिल्ला सिंचाई |
| ७ | भट्टाको डिहि | नहर | ३ | | | १५ | |
| ८ | पोखरेली फाँट | नहर | ९ | | | ३५ | |
| ९ | वुल्दी विर्ता | नहर | ११ | | | १८ | |
| १० | वाह्रविसे | नहर | ६ | | | २५ | |
| ११ | ठूलो खेत राजवृक्ष | कुलो | ४ | | | १० | |

*श्रोत: जिल्ला कृषि कार्यालय, २०६४/६५*

### *२.३.३ नदीनाला तथा वनजङ्गल*

मादी र सेती यहाँका प्रमुख नदीहरु हुन् भने पहाडी इलाका भएकोले यहाँ खोल्साहरु पनि प्रशस्त छन् । नगरपालिकाको उत्तरमा कलेस्ती खोला, पश्चिममा सांगे खोला र पूर्वतिर बुल्दी खोला छ ।


नगरपालिकाको करीब ३० प्रतिशत भू भाग वनजङ्गलले ओगेटेको छ । वडा नं. २ वाहेक सबै वडाहरुमा वनजङ्गल रहेको छ। सामुदायिक वन ११७८.२७ हेक्टरमा छ र कब्लियति वन ९९.८ हेक्टरमा फैलिएर रहेको छ। यस नगरपालिकाको वडा नं. ७ मा सबै वन सरकारी वन छन् ।

| वडा | सामुदायिक (हे) | कवुलियती (हे) | सरकारी (हे) | निजी(हे) |
|---|---|---|---|---|
| १ | १६४.२४ | | | |
| २ | ९.०० | | | |
| ३ | ६५.१४ | ५७.५५ | | |
| ४ | २१८.२५ | | | |
| ५ | ९७.२४ | | | |
| ५, ६ | ४१.११ | | | |
| ६ | ३२८.३६ | | | |
| ७ | ९.०० | | | |
| ८ | ८३.०० | | | |
| ९ | १०६.८४ | ४२.२५ | | |
| १० | १.६७ | | | |
| ११ | ७२.४२ | | | |
| जम्मा | ११७८.२७ | ९९.८ | ३१३.०० | ३०.०० |

*श्रोत: जिल्ला वन कार्यालय, २०६४/६५*


## २.४ शहरीकरणको स्वरूप

नक्शा पासको आधारमा शहरीकरणको स्वरुप हेर्ने हो भने वडा नं. १ तीव्र गतिमा शहरीकरण तर्फ उन्मुख भइरहेको देखिन्छ। वडा नं. २ र १० बस्ती विकासको उदगम विन्दुतिर पुगेको देखिन्छ। वडा नं. ३, ४ र ९ तिर शहरीकरणको ज्यादै न्यून प्रभाव देखिन्छ भने ११ बाहेक बाँकी वडाहरुमा बस्ती विकासको क्रम समान देखिन्छ।




*श्रोत: व्यास नगरपालिका, २०६७*

घरको स्वामित्व अनुसार शहरीकरणको स्वरुप हेर्ने हो भने वडा २ र १० पूरै शहरीकरण भइसकेको बुझिन्छ। यी वडाहरुमा नगरपालिकाको मुख्य बजार भएको हुंदा यहाँ मालिक स्वयम् वसेको घर संख्या भन्दा बढी वहालमा दिएको देखिन्छ। पूरै नगरपालिकाको घर स्वामित्व अध्ययन गर्ने हो भने ज्यादै न्यून मात्रामा मात्र घरहरु गैर आवासीय प्रयोगमा आइरहेका छन् जसकारण नगरपालिका भित्र शहरी क्रियाकलाप कम रहेको बुझिन्छ र ती पनि केन्द्रिकृत छन्।




*श्रोत: राष्ट्रिय जनगणना, २०५८*

## २.५ नगरको आर्थिक तथा रोजगारी स्थिति

### *२.५.१ श्रमशक्ति तथा रोजगारी स्थिति*

नगरको आधा प्रतिशत भन्दा बढी जनसंख्या आर्थिक रुपले सक्रिय छन् जसमा पुरुषहरुमा ६० प्रतिशत छन् भने महिलाहरुमा ५१.१ प्रतिशत छन् । झन्डै ५० प्रतिशत जनसंख्या कृषि पेशामा सलंग्न देखिन्छन् भने ३६ प्रतिशत जति ज्यालादारी, तलब वा व्यापार व्यवसायमा संलग्न देखिन्छन् ।

१० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक रुपले सक्रिय जनसंख्या (प्रतिशतमा)

| आर्थिक रुपमा सक्रिय समूह | | | कामको प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषि | | | तलव,ज्यालादारी वा आफ्नै व्यवसाय | | | अन्य | | |
| पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ६०.७ | ५१.१ | ५५.६ | ३४.४ | ५९.३ | ४६.५ | ५२.३ | १९.० | ३६.१ | १३.३ | २१.७ | १७.४ |

*श्रोतः राष्ट्रिय जनगणना, २०५८*

२०५८ सालको जनगणना अनुसार नगरमा जम्मा २३ प्रतिशत घरधुरीहरु कृषि भन्दा अन्यक्षेत्रमा आर्थिक रुपले सकिय देखिन्छन्। सकिय घरधुरीहरुमा पनि आधा भन्दा बढी घरधुरी व्यापारमा संलग्न देखिन्छ। व्यापार पछि नोकरी घरधुरीहरु बढी देखिन्छन् ।

विभिन्न व्यवसायमा संलग्न घरधुरी संख्या

| जम्मा | घरधुरी संख्या | | क्रियाकलापका प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आर्थिक रुपमा सक्रिय | आर्थिक रुपमा निस्क्रिय | जम्मा | फ्याक्ट्रि | व्यवसाय | यातायात | नोकरी | अन्य |
| ६५११ | १२२६ | ५२८५ | १२२६ | ८२ | ६२० | १५ | ३७० | १३९ |

*श्रोतः राष्ट्रिय जनगणना, २०५८*

### *२.५.२ व्यापार तथा उद्योग क्षेत्रको स्थिति*

व्यापार व्यवसायको स्थिति

व्यास नगरपालिकामा बस्तीका उपयोग धेरैजसो आवासीय हुनाले अरु भन्दा यहाँ किराना पसलहरुले संख्या बढी भेटिन्छ। थोक तथा खुद्रा पसल गरी जम्मा ७३२ वटा दर्ता भएका छन्। त्यस्तै राजमार्गले गर्दा यहाँ सडक वरपर सानासाना होटलहरुको संख्या पनि उल्लेखनीय छ। यहाँ होटेल रेष्टुरेन्टहरु जम्मा १८० वटा छन्। वैंक-वित्तीय संस्थाहरु १० वटा छन् र तिनीहरु सबै दमौली बजारतिर केन्द्रित छन्।

औद्योगिक विकासको स्थिति तथा औद्योगिक उत्पादन (लघु, घरेलु तथा साना समेत)

नगरपालिकामा जम्मा ८५ वटा बृहद् र घरेलु तथा साना उद्योगहरु दर्ता भएका छन् ।*(स्रोत :नगरप्रोफाइल,२०६२)*

नगरपालिका भित्र सन्चालित एकमात्र ठुलो उद्योग भनेको वडा नं. १ भादगाँउमा अवस्थित छालाको कारखाना हो र हाल त्यो पनि वन्द भइसकेको अवस्थामा छ । त्यसको दाँजोमा लघु तथा साना उद्योगहरुको संख्या उल्लेखनीय छ ।

| उद्योगको वर्गीकरण | उद्योगको प्रकार | संख्या | कैफियत |
|---|---|---|---|
| मध्यम अद्योग | चामल मिल | १५ | |
| | तोरीको तेलको मिल | ५ | |
| | फर्निचर्स | ३९ | |
| | चिउरा मिल | ३ | |
| | पाउरोटी उद्योग | ७ | |
| | प्रिन्टिङ प्रेस | ८ | |
| साना तथा घरेलु | उनीका झोला | ५५ | |
| | सिलाई कटाई | ३५ | |
| | हस्तकला | ५ | |
| | आइस क्रिम | ८ | |

*( Source: Strengthening local capacities in ISWM project, 2007)*

यस नगरपालिकामा कुखुरा, नर्सरी, पशुपालन, जडिबुट्टी चिया तथा दाना उद्योग छन् तर कृषि क्षेत्रमा सलंग्न जनसंख्या धेरै भएपनि कृषि उद्योगहरु न्यून छन्। यहाँ भएका उद्योगहरु मुख्यतया कुखुरा पालन, नर्सरी, पशुपालन जडिवुट्टी चिया तथा दाना उद्योग छन्। त्यस्तै नगरपालिकामा ५ वटा जति पोखरीहरुमा मत्स्य पालन हुन्छ।

कृषि उद्योग

| किसिम | वडा | जम्मा |
|---|---|---|
| कुखुरा पालन | ५ | १ |
| नर्सरी | ७ | २ |
| पशु पालन | ७ | १ |
| दाना | ८, १० | २ |
| जडिवुटी चिया | १० | १ |

*श्रोत: जिल्ला कृषि कार्यालय, २०६४।६५*

मत्स्य पालन

| वडा | पोखरी संख्या | पोखरीको क्षेत्रफल (रोपनी) |
|---|---|---|
| १ | २ | १.३ |
| ३ | १ | ०.५ |
| ५ | २ | ४ |

*श्रोत: जिल्ला कृषि कार्यालय, २०६४।६५*

प्रमुख कृषि बजार व्यवसाय

नगरपालिकामा मुख्य उत्पादन हुने बस्तुमा दाल, अदुवा तथा पिडालु हुन् । त्यस्तै मुख्य निर्यात हुने बस्तुमा मासको दाल, सुन्तला हुन् भने दैनिक उपभोग्य बस्तु मुख्य आयात हुने बस्तु हुन् ।

व्यास नगरपालिका भरिको बजार क्षेत्र दमौली बजारतिर जम्मा ३३ वटा तरकारी पसल, १६ वटा फलफूल र २० वटा माछा/मासुका स्टलहरु छन्, जुन मुख्यतया जि.वि.स., नगरपालिका र निजी स्वामित्वमा छन् । अरु खुद्रा सामानका पसलहरु पनि छन् । यस बाहेक हाइवे वरिपरि थुप्रै ठेलागाडाका पसलहरु पनि देख्न सकिन्छ । *RUPP* को कार्यक्रम अन्तरर्गत तीन वटा पक्की स्टलहरु निर्माण भएका छन्, जहाँ हरेक बुधवार हाट बजार लाग्ने गर्दछ ।

हाल सालाखाला दैनिक ५०० के.जी. मासु, १४०० के.जी. तरकारी र २१० के.जी. फलफूल खपत हुने गर्दछ । *श्रोतः अन्तिम प्रतिवेदन (Vol: 1, Vegetable, Fruits, Meat & other Retail Goods Market Stalls construction)*

अन्य

### ***२.५.३ पर्यटन तथा सेवा क्षेत्रको स्थिति***

धार्मिक तथा पर्यटन क्षेत्रको स्थिति

सेती तथा मादीको सगंमस्थल रहेको यस व्यास नगरपालिका महर्षि वेदव्यासको जन्मस्थल मानिन्छ । मादी र सेतीको पश्चिम तर्फ पराशर ऋषिको आश्रम रहेको छ। सोही नदीको पूर्व पट्टि व्यास गुफा रहेको छ। यस बाहेक व्यास नगरपालिकामा थुप्रै गुफाहरु छन्। जस्तै शितल गुफा, अनन्त गुफा, बुल्दी गुफा आदि। यस्तै गरी कालिका जंगल पार्क पनि आन्तरिक पर्यटनको हिसाबले प्रसस्त सम्भावना बोकेको छ । वडा नं. ७ मा रहेको मानहुंकोट डाडाँ समुन्द्र सतहदेखि ११ सय २० मिटरको उचाइमा अवस्थित छ । यो ठाउँ धवलागिरीदेखि लाङटाङहिमश्रृङखला सम्मको  हिमाल, वन जगंल, उपत्यका पहाड तथा नदी तटको मनोरम दृष्यावलोकन, सूर्यादय एंव सूर्यास्त, मगर संस्कृति, प्याराग्लाइडिङ, जैविक विविधताका साथै स्थानीय खाना आदिको लागि प्रसिद्ध स्थल हो ।



कार्यालय तथा संघसंस्था

नगरपालिका भित्र जम्मा ३२ वटा सेवामूलक, २ वटा प्रहरी सैनिक तथा २ वटा स्थानीय निकायका कार्यालयहरु छन्। नगरपालिका भित्र रही सेवा सुविधा प्रदान गर्दै आएका संघ संस्थाहरु निम्न अनुसार छन्।

| संस्थाका नाम | वडा | क्षेत्र | प्राथमिकता |
|---|---|---|---|
| Unicef | १० | शिक्षा तथा स्वास्थ्य | महिला तथा बालबालिका |
| NGO Network Tanahun | २ | शिक्षा | महिला तथा बालबालिका |
| रोटरी क्लब अफ दमौली | २ | शिक्षा | प्राथमिक तहका विद्यार्थी |
| तनँहु दुग्ध विकास कम्पनी लिमिटेड | २ | सहकारी | कृषक |
| ID Nepal | ११ | कृषि | कृषि |
| मादी गंगा बहुउद्देश्यीय सहकारी संस्था | २ | आय आर्जन /सीप विकास | महिला |
| तनँहु उद्योग वाणिज्य संघ | १० | व्यापारिक संघ | व्यापार प्रवर्द्धन |
| निर्माण व्यवसायी संघ | २ | पेशागत संघ संस्था | निर्माण |
| नेपाल बार एशोसियसन | २ | | कानुन तथा ऐनबारे सचेतना |

*स्रोत :नगरप्रोफाइल, २०६२*

## २.६ भौतिक तथा सार्वजनिक पूर्वाधार

### *२.६.१ सडक, यातायात*

सडक, यातायातको स्थिति

०६२ सालको सर्भेक्षण अनुसार नगरपालिकाका सडकहरुको लम्बाइ जम्मा १४९ कि.मि. छ भने ०६७ अनुसार ३२७.४८ कि.मि. छ। सबै वडाहरुमा मोटरबाटो पुगेको छ तर ०६२ सालमा धुले सडकको अनुपातमा कालो पत्रे सडक ज्यादै न्युन थियो तर ०६७ सालमा आएर ग्राभेल सडकको बृद्धि भएर धुले सडक ज्यादै न्युन भएको छ । ०६२ सालमा केन्द्रिय सरकारको स्वामित्वमा ४ % सडक छ र नगरपालिकाकोमा ९६% छ । पृथ्वी राजमार्ग नगरबाट भएरै गएको छ जसले वडा नं. ११, २ र १० सँग छुट्टयाएको छ।

वडा नं. २ र १० का सडक सञ्जाल grid iron pattern मा योजनाबद्ध तरीकाले बनाइएको छ जसको कुल लम्वाइ ४ कि.मि. हुन आउछ। बाकी ठाँउहरुमा विना योजना सडकहरु बनाइएका देखिन्छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट प्राप्त सूचना अनुसार ०६६/ ०६७ सालमा आएर व्यास नगरपालिकामा सडक दुर्घटना दर बढेको देखिन्छ। व्यास नगरपालिका भएर दैनिक चल्ने कुल सवारी साधन १३६० ओटा छन्। साथै व्यास नगरपालिकाबाट ग्रामीण तथा स्थानीय स्तरमा चल्ने दैनिक सवारी साधन १४५ ओटा छन् । व्यास नगरपालिकामा प्रचलित सवारी साधनहरु मध्ये बस, ट्याक्सी, रिक्सा, साइकल आदि पर्दछन् । त्यस्तै नगरपालिकाको व्यास मार्ग लमजुङ जिल्लाको भोर्लेटारमा गएर जोडिन्छ।

| सडकको किसिम | | जम्मा लम्वाइ (कि.मि.) २०६७ |
|---|---|---|
| कालो पत्रे | नगरस्तरीय | १७.३६ |
| | केन्द्रिय (हाइवे) | ७.३४ |
| ग्राभेल | | ६२.१५ |
| धुले सडक र ट्रेल | | २३९.७८ |
| पी. सी. सी | | ०.८५ |
| सडक पेटी | | - |
| जम्मा सडक | | ३२७.४ |

*Source: Vyas municipality topographical map, Dept. of Survey; Field Survey, 2067 B.S.; Google Earth 2010*

सडक वर्गीकरण तथा सडक घनत्व

व्यास नगरपालिकाको सडक घनत्व ५.४१ कि. मी./ वर्ग कि. मी. (ट्रेल सहित) र १.५ कि. मी./ वर्ग कि. मी. (ट्रेल बाहेक) छ । यसका अतिरिक्त प्रति १००० जनसंख्याको आधारमा ९.२८ कि. मी./ १००० जनसंख्या (ट्रेल सहित) र सडक घनत्व २.५७ कि. मी./१००० जनसंख्या (ट्रेल बाहेक) सडक घनत्व छ ।

### *२.६.२ सञ्चार प्रणाली*

नगरपालिका प्रोफाइल ०६२ अनुसार, १७०० टेलिफोन तथा १५० CDMA लाइनहरु नगरपालिकाको १, २, ७, ८, १० र ११ वडाहरुमा उपलब्ध भएका छन्। आवासीय भवनमा १०१०, व्यापारिक भवनहरुमा १५० र सरकारी कार्यालयहरुमा ३८ टेलिफोन लाइनहरु वितरण गरिएका छन् । यसका साथै दुर्गा कम्प्यूटर इन्स्टिच्यूट, व्यास केवल नेटवर्क र नेपाल टेलिकम गरी तीन वटा इन्टरनेट सेवा प्रदानकर्ताहरु वडा नं २, १० र २ मा अवस्थित छन् । तर दुर्गा कम्प्यूटर इन्स्टिच्यूट बाहेक अरु दूईको भने नगरपालिकामा सेवा उपलब्ध भएको छैन । सूचना प्रविधि केन्द्र (टेलिसेन्टर) सञ्चालित इलाका हुलाकहरुमा खैरेनीटार इलाका हुलाक, बन्दिपुर इलाका हुलाक, डुम्रे इलाका हुलाक र देवघाट इलाका हुलाक छन् । यी इलाका हुलाकहरुले व्यास नगरपालिकामा सेवा पर्‍याएका छन् ।

### *२.६.३ शहरी विद्युतीकरण तथा वैकल्पिक ऊर्जा विकास स्थिति*

हाल व्यास न.पा.मा सञ्चालन हुने विद्युत १३२ KV, ३३ KV, ११ KV र ४०० V का छन् र यहाँ जटिल खालको संजाल रहेको छ। व्यास न.पा.मा रहेको दमौली सव स्टेसनमा १३२, ३३ र ११ KV वाट १३२ र ३३ KV को लाइन आवु खैरेनी र दुम्रे मा जान्छ भने ११ KV को लाइन दमौली मा local feed गरिन्छ ।

यस प्राधिकरणबाट तनहुको ७० प्रतिशत जति र गोर्खा जिल्लाको शत प्रतिशत जनसंख्यालाइ आपुर्ति गर्छ। यी जिल्ला का साथै मुग्लिङ, केवल कार एरिया र धादिङ को सिमाना क्षेत्र र लम्जुङ को केही स्थानहरुमा पनि विद्युत आपुर्ति गर्दै आएको छ।

हाल एउटा मात्र ट्रान्सफरमर चालु अवस्थामा रहेको हुंदा खतरा छ।त्यस्तै विद्युतको पोलमा केवल तथा टेलिकमको तार पनि निश्चित उचाइ राखिदिने हुंदा पोलमा लोड वढी भइ पोल ढल्ने खतरा रहेको छ ।

नगरपालिकाका धेरै जसो क्षेत्रमा विद्युत पुगेको छ। नगरपालिका प्रोफाइल ०६२ अनुसार, ४५२६ विधुतका लाइनहरु आवासीय भवन, १५० लाइनहरु व्यापारिक भवनहरु, ६३ लाइनहरु कार्यालयहरु तथा ३९३ लाइनहरु

सडक बत्तीहरुका लागि वितरण गरिएका छन् । तर व्यास नगरपालिका २०६४ अनुसार ५५०६ लाइनहरु आवासीय भवन र ६०१ लाइनहरु सडक बत्तीहरुका लागि वितरण गरिएका छन् ।

व्यास नगरपालिकामा खाना पकाउनमा प्रयोग हुने प्रमुख ऊर्जामा दाउरा पर्दछ (४८ %) । यसका अतिरिक्त २७ % घरधुरीले मट्टितेल, १६ % ले एल पी ग्यास, ८ % ले बायो ग्यास र बाँकीले सन्थी तथा अरु कुनै ऊर्जा प्रयोग गर्छन् । साथै बत्ती बाल्नका लागि ६४ % घरधुरीले विधुत प्रयोग गर्छन्, ३४ % ले मट्टितेल र बाँकीले अन्य प्रयोग गर्छन् । वैकल्पिक ऊर्जाको भने खासै कुनै व्यवस्था भएको देखिदैन ।

### *२.६.४ खानेपानी आपूर्ति*

हाल खानेपानी आपूर्ति प्रणाली नगरपालिकाको दमौली बजारमा २, १० र ११ का केही भाग मात्र रहेको छ । यहाँ पानी आपूर्ति गनाडी गाँउ, जामुने गा.वि.स.को बराह मूलबाट हुन्छ जसको बहाव ९.० लि.प्रति सेकेण्ड छ र वडा १ मा छाब्दी खानेपानी आपूर्ति प्रणालीद्धारा भइराखेको छ । साथै अरु वडाहरुमा २९५ भन्दा धेरै साना खानेपानी आपूर्ति प्रणालीहरुको व्यवस्था भइराखेका छन् । व्यास नगरपालिका ०६२ अनुसार, २४५३ खानेपानीका लाइनहरु आवासीय भवन, १५० खानेपानीका लाइनहरु व्यापारिक भवन, ६३ लाइनहरु कार्यालय तथा ३५० लाइनहरु सार्वजनिक धाराका लागि वितरण गरिएका छन् । साथै व्यास नगरपालिकाका ५६८७ घरहरुले पाइप प्रणाली, २२ घरहरुले ट्यूबवेल, १४४ घरहरुले संरक्षित कुवा, ११५ घरहरुले संरक्षित मूल/ढुंगेधारा तथा ३५ घरहरुले संरक्षित इनारबाट सुविधा प्राप्त गरेका छन् । बजारमा खानेपानीको पाइपलाइन मोटरबाटै बाटो गोरेटो बाटोका साथै सार्वजनिक तथा निजी जग्गाहरु भएर पनि गएको छ। दमौली बजार माथि साँखरतिर ५०० cum र २०२ cum क्षेमताका reservoir tank हरु छन् ।

हालको खानेपानी प्रणाली अनुसार जम्मा २००० निजी धारा तथा १५ वटा सार्वजनिक धारासगँ जोडिएको छ। यस आपूर्तिले कुल माग जम्मा ३८.२३ प्रतिशत मात्र परिपूर्ति गर्दछ । यसमा पनि वराह मूलले मात्र २३.७४ प्रतिशत परिपूर्ती गर्दछ ।

हालसम्म नगरपालिकामा रहेका खानेपानी आयोजनाहरु

| आयोजनाको नाम | आयोजना क्षेत्र | किसिम | सम्पन्न भएको वर्ष | कुल लागत | लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|
| दमौली खानेपानी योजना तनहु | १,३ र ५ | ग्राभिटी | ४९/५० | २१,५८,००० | ३७९७ |
| भादगाउँ खानेपानी योजना | १ | ग्राभिटी | ५६/५७ | ४४,३६,००० | २१२२ |
| दमौली खानेपानी योजना | व्यास नं.पा. | ग्राभिटी | ५७/५८ | १,३६,२७,००० | १०१६० |
| व्यास ४,६ र ९ खा.पा.यो. | ४, ६ र ९ | ग्राभिटी | ५७/५८ | ७१,६८,००० | २७६२ |
| दमौली कन्टार चापाघाट खा.पा.यो. | ८ | ग्राभिटी | ६१/६२ | २,३२,००० | |
| मानुङ्गकोट आकासे पानी संकलन | व्यास | रेनवाटर | ५३/५४ | | १२० |
| मानुङ्ग नि.मा.वि. | व्यास | ग्राभिटी | ५३/५४ | | १५० |
| मानुङ्ग बर्षात पानी | व्यास | ग्राभिटी | ५६/५७ | | ५४८ |

*स्रोत :खानेपानी डिभिजन कार्यालय*

जिल्ला खानेपानी डिभिजन कार्यलयका खानेपानी सँग प्रस्तावित योजनाहरु र कार्यक्रमहरु निम्न प्रकार छन्।

| आयोजनाको नाम | आयोजना क्षेत्र | किसिम | कुल लागत | कैफियत |
|---|---|---|---|---|
| भाँदगाउँ कराती खा.पा.आ. | व्यास १ | | ८ करोड | |
| दमौली खा.पा. गुणस्तर सुधार आयोजना, दमौली खा.पा. को सहयोगमा | | | | ५० प्रतिशत ADB (GON) र ५० प्रतिशत समुदाय |
| small town project अन्तर्गत दमौली खा.पा.को विस्तार | | | | |

*स्रोत :खानेपानी डिभिजन कार्यालय*

त्यसै गरि जिल्ला प्राविधिक कार्यलयले पनि दमौली खानेपानी योजनामा केन्दिय थप अनुदान वाट १५ लाख छुट्याएको छ।

## २.१सामाजिक पूर्वाधार तथा सेवा

### २.१.१ *शिक्षा*

शैक्षिक तथा साक्षरता स्थिति


व्यास नगरपालिकाको साक्षरता हेर्ने हो भने कुल जनसंख्याको ७०.६० प्रतिशत साक्षर छन्। कुल पुरुष जनसंख्याको ७५ प्रतिशत र कुल महिला जनसंख्याको ६६ प्रतिशत साक्षर छन्। विद्यालयमा रहेका शिक्षण विद्यार्थी अनुपात हेर्ने हो भने सबै विद्यालय शिक्षक दरबन्दी राम्रै देखिन्छ।

वडा अनुसार साक्षर जनसंख्या विवरण

| वडा | पुरुष साक्षरता | जम्मा पुरुष | महिला साक्षरता | जम्मा महिला | जम्मा साक्षर | जम्मा |
|---|---|---|---|---|---|---|
| जम्मा | १३,३६५ | १७,८६८ | ११,५४४ | १७,४१० | २४,९०९ | ३५,२७८ |
| १ | २,६६७ | ३,३७८ | २,२१२ | ३,१९७ | ४,८७९ | ६,५७५ |
| २ | १,४३७ | २,०६७ | १,३३१ | २,०८८ | २,७६८ | ४,१५५ |
| ३ | १,०८१ | १,४१८ | ९२५ | १,३६६ | २,००६ | २,७८४ |
| ४ | ७०४ | १,१२२ | ६१८ | १,११३ | १,३२२ | २,२३५ |
| ५ | १,२६९ | १,९०० | ९९६ | १,८३९ | २,२६५ | ३,७३९ |
| ६ | ९६० | १,३८१ | ८०२ | १,३६५ | १,७६२ | २,७४६ |
| ७ | ८१४ | १,०७९ | ७२० | १,०६६ | १,५३४ | २,१४५ |
| ८ | ८६२ | १,०६७ | ६९७ | १,००७ | १,५५९ | २,०७४ |
| ९ | ७१२ | १,२८६ | ६४८ | १,२४८ | १,३६० | २,५३४ |
| १० | १,१७८ | १,३१० | १,०३८ | १,२८२ | २,२१६ | २,५९२ |
| ११ | १,६८१ | १,८६० | १,५५७ | १,८३९ | ३,२३८ | ३,६९९ |

*श्रोत: टोल विकास संस्था, २०६७ (न.पा. प्राथमिक सर्वेक्षण)*

विद्यार्थी शिक्षक अनुपात





| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यार्थी | ३,१९३ | ३,७३३ | ४३२ | १,०१३ | ९०० | ९५६ | ३५१ | ४३४ | ४९० | २,०३० | १,४३१ |
| शिक्षक | १०० | ८९ | १८ | २६ | ३४ | २८ | १४ | ३० | २४ | ७८ | ५१ |
| विद्यार्थी शिक्षक अनुपात (१:न) | ३२ | ४२ | २४ | ३९ | २७ | ३५ | २६ | १५ | २१ | २७ | २९ |

*श्रोत: जिल्ला शिंथा कार्यालय, २०६५।६६*


शिक्षा सेवा तथा सुविधाको माग तथा आपूर्ति स्थिति

व्यास नगरपालिकाको सबै वडाहरुमा प्राथमिक शिक्षाको सुविधा पुगेतापनि उच्च शिक्षाको लागि ग्रामीण वडाहरु सबै मुख्य बजारतिरै केन्द्रित छन्। यस नगरपालिकामा जम्मा ६४ विद्यालयहरु छन्।

विद्यालय




*श्रोत: जिल्ला शिंथा कार्यालय, २०६५।६६*




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Primary | 4 | 1 | 2 | 2 | 4 | 3 | 2 | 0 | 5 | 3 | 4 |
| L. Sec. | 2 | 2 | 0 | 1 | 1 | 2 | 1 | 1 | 1 | 0 | 0 |
| Secondary | 3 | 3 | 1 | 1 | 1 | 1 | 0 | 1 | 0 | 2 | 2 |
| H. Secondary | 2 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 |

*श्रोत: जिल्ला शिंथा कार्यालय, २०६५।६६*

### २.१.१ ***स्वास्थ्य***

स्वास्थ्य सेवा सुविधा र स्वास्थ्य स्थिति

स्वास्थ्य सेवाको हिसाबले यस नगरपालिकामा १ वटा सरकारी अस्पताल, १ वटा सरकारी आयुर्वेद औषधालय, २ वटा निजी अस्पतालहरु तथा १० वटा क्लिनिकहरु छन्। ती सबै बजारक्षेत्रतिर अवस्थित छन्। नगरका धेरै जसो वडाहरुमा प्राथमिक सामान्य उपचारका लागि समेत बजारतिरै झर्नु परेको देखिन्छ। साथै प्रत्येक महिना निश्चित दिनका लागि २, ७ र ११ वडा बाहेक अरु वडाहरुमा क्लिनिक संचालन गरिन्छ ।

सरसफाइ तथा वातावरणीय स्वास्थ्य

*ढल निकास*

व्यास नगरपालिकामा व्यवस्थित ढल निकासको सुविधा छैन र सुविधा भएकामा छुट्टाछुट्टै र एकीकृत दुवै ढल निकास प्रणाली छन् । नगरपालिकाको करीब ९० प्रतिशत घरहरुमा शौचालयका साथै सेप्टिक ट्यांङ्क पनि निर्माण गरिएको छ। नगरपालिकाका जम्मा ३३९५ घरमा शौचालय छ भने ३११६ घर शौचालय बिहीन छन् । करीब ४४ % घरहरुले आधुनिक फ्लस ट्वाइलेट र १९ % घरहरुले साधारण ट्वाइलेट प्रयोग गर्छन् । तर ३५% घरहरुमा भने शौचालयको सुविधा छैन, खुल्ला ठाउँमा शौचालय गरिन्छ । वडा ६ मा आधुनिक फ्लस ट्वाइलेट प्रयोग गर्ने ज्यादै न्यून छ (७ %) र वडा ११ मा सबैभन्दा धैरै छ (८३ %) । साथै वडा ११ मा सबैभन्दा कम साधारण ट्वाइलेट प्रयोगकर्ता छन् (६ %) भने वडा १० मा सबैभन्दा धैरै छ (४४ %) । यसका अतिरिक्त आधुनिक फ्लस ट्वाइलेट प्रयोग गर्ने सबै भन्दा धेरै वडा २ र ११ मा छ र वडा ६ मा खुल्ला शौचालय प्रयोग गर्ने सबै भन्दा धेरै छन् । नगरपालिकामा एउटा मात्र सार्वजनिक शौचालय छ ।

शहरी वडाहरु जस्तो वडा नं. २, १० र ११ मा वर्षातको पानी बग्ने ढलको व्यवस्था छ। यी ढलहरु वडा नं.२ र १० का मुख्य बाटोको छेउहरुमा र पृथ्वी राजमार्गमा निर्माण गरिएको छ। तर मनसुनको बेला माथिल्लो भेगबाट बग्ने भेललाई हालका ढललाई थेग्न ग्राहो भइरहेको देखिन्छ। ढल/नालीको जम्मा लम्बाई ४.९३ कि.मि. छ।

*फोहरमैला व्यवस्थापन*

नगरपालिकामा मुख्यतया फोहरमैला घरधुरी, बजार तथा अस्पताल स्वास्थ्य सुविधाहरुबाट उत्पादन हुन्छ। सन् २००७ मा संपन्न भएको Strengthening local capacities in Integrated Sustainable Waste Management (ISWM) project को अनुसार हरेक घरबाट दैनिक ०.२५ के.जी. प्रति व्यक्ति फोहर उत्पादन हुन्छ, जसमा ७० प्रतिशत जति जैविक फोहर भएको देखिन्छ। व्यास नगरपालिकामा प्रतिदिन ६ टन फोहरमैला उत्पादन हुन्छ ।

नगरपालिकामा मुख्यतया तीन किसिमबाट फोहर सकंलन हुन्छन्। ढोका ढोकामा गएर संकलन गर्ने, कन्टेनरबाट सकंलन तथा बाटोबाट संकलन गर्ने। तर नगरपालिकाको संकलन सुविधा केवल २,१० र ११ मा मात्र छ। फोहर सकंलनका लागि नगरपालिकामा २ ट्रयाक्टर, ६०० कन्टेनर तथा १ दिस्पोजल ट्यांकीको व्यवस्था छ साथै १० जना कूचिकार परिचालित छन् ।

नगरपालिकामा संकलित फोहर मैला मादी नदीको किनारमा करीब ३ रोपनी जग्गामा बिसर्जन गरिएको छ। यहाँ दैनिक ६ टन जति फोहर थुपार्ने गरिन्छ। यस नगरपालिकामा कुनै ल्याण्डफिल साइटको व्यवस्था छैन।

नगरपालिका कार्यालय बाहेक रोट्रयाक्ट क्लव, दमौलीबाट पनि २ र १० मा फोहर संकलन गर्ने कार्य भइरहेको छ। त्यस्तै नगरपालिकामा भएका केही टोल सुधार समिति तथा महिला समूहहरु फोहर मैला व्यवस्थापनमा सक्रिय रुपमा संलग्न छन्।

### २.१.१ ***महिला तथा बालबालिकाको विकास स्थिति***

शैक्षिक स्थिति

व्यास नगरपालिकाको कुल महिला जनसंख्याको ६६ प्रतिशत साक्षर छन्। तालिका ९ अनुसार वर्ष ६ तथा त्यस भन्दा माथिको महिला जनसंख्यामा (७६२३) ११ % महिला विधालय नै नगएका, ४२% प्राथमिक तह मात्र पढेका, २१% निम्न माध्यमिक मात्र पढेका, ११ % माध्यमिक तह मात्र पढेका, ९% एस. एल. सी मात्र पढेका, ४% प्रविणता प्रमाणपत्र तह मात्र पढेका, ०.८४ % स्नातक तह गरेका, ०.१३ % स्नात्तकोत्तर गरेका छन् । तसर्थ व्यास नगरपालिकामा उच्च शिक्षा हासिल गरेका महिला जनसंख्या न्यून छ ।

रोजगार स्थिति

व्यास नगरपालिकाको वर्ष १० तथा त्यस भन्दा माथिको महिला जनसंख्यामा (११४००) आफ्नै कृषि व्यवसाय गर्ने सबैभन्दा धेरै छन् (३१%) भने सबैभन्दा कम जागिर खोज्नेहरु छन् (०.४%) । यस बाहेक ४% महिला ज्यालादारी गर्छन्, ६% आफ्नै खेती बाहेकका व्यवसाय, ४% Extd eco, २१% घरधन्दा मात्र गर्छन् र २६% पढ्छन्।

वैवाहिक स्थिति

व्यास नगरपालिकाको वर्ष १० तथा त्यस भन्दा माथिको महिला जनसंख्यामा (११४००) ३०% महिला अविवाहित छन्, ६५% विवाहित, २% ले पून विवाह गरेका, ३% विधुवा, ०.०७ % पारपाचुके गरेका र ०.१४ % श्रीमानसँग छुटेर बसेका छन्।

### २.१.१ *अपांगताको स्थिति*

व्यास नगरपालिकाको कूल पुरुष जनसंख्यामा (१३४४९) ०.४१ % अपाङ्ग छन्, त्यसमा ४१ % पुरुष शारीरिक रुपले अशक्त छन्, १६ % पुरुष दृष्टिविहिन, २७ % पुरुष बहिरा, १४ % पुरुष मानसिक सन्तुलन गुमेका तथा २ % पुरुष विभिन्न अपांगताले ग्रसित छन् । साथै नगरपालिकाको कूल महिला जनसंख्यामा (१४७९६) ५५ % महिला शारीरिक रुपले अशक्त छन्, २०% महिला दृष्टिविहिन, १० % महिला बहिरी, ५ % महिला मानसिक सन्तुलन गुमेका तथा १० % महिला विभिन्न अपांगताले ग्रसित छन् ।

## २.१मनोरञ्जन तथा खुल्ला क्षेत्र

व्यास नगरपालिकामा विभिन्न प्रकारका मनोरञ्जन तथा खुल्ला क्षेत्र छन् । नगरमा ३ वटा सिनेमा हल, ८ वटा सभा हल, १ वटा पुस्तकालय, १ वटा वाल उद्दान (शान्ति वाल उद्दान पार्क ), ३ वटा खेल मैदान/ पार्क (भानु घाँसी स्मारक पार्क, वी पी बगैंचा पार्क र जङगल पार्क), र २ वटा सास्कृतिक सम्पदा केन्द्रहरु छन् ।

## २.१शहरी वातावरणको स्थिति

### २.१.१ *वायु तथा जल प्रदूषण*

नदिको किनारमा फालिएको फोहर वाल्ने गरिएकोले त्यसवाट घात ग्यासहरु उत्पन्न भई वायूप्रदुषण भएको छ । यसैगरी समुदायले पनि फोहर वा वारीका घसेवहरु वालेर नै हटाउनु पर्छ भन्ने विश्वास र धारणा लिने गरेकोले यस्ता पदार्थ वाल्दा निस्कने धुँवाले वायूप्रदुषण भएको छ । प्लाष्टिक र मिनरल वाटरका वोटलहरुको नाली ढाकिएको र पानीको वहाव रोकिएका छन् ।

### २.१.१ *ढल निकास र फोहरमैला प्रदूषण*

व्यास नगरपालिकामा व्यवस्थित ढल निकासको सुविधा छैन र सुविधा भएकामा छुट्टाछुट्टै र एकीकृत दुवै ढल निकास प्रणाली छन् । शहरी वडाहरु जस्तो वडा नं. २, १० र ११ मा वर्षातको पानी बग्ने ढलको व्यवस्था छ। यी ढलहरु वडा नं.२ र १० का मुख्य बाटोको छेउहरुमा र पृथ्वी राजमार्गमा निर्माण गरिएको छ। तर मनसुनको बेला

माथिल्लो भेगबाट बग्ने भेललाई हालका ढललाई थेग्न ग्राहो भइरहेको देखिन्छ। ढल/नालीको जम्मा लम्वाई ४.९३ कि.मि. छ।

नगरपालिकामा मुख्यतया फोहरमैला घरधुरी, बजार तथा अस्पताल स्वास्थ्य सुविधाहरुबाट उत्पादन हुन्छ। सन् २००७ मा संपन्न भएको Strengthening local capacities in Integrated Sustainable Waste Management (ISWM) project को अनुसार हरेक घरबाट दैनिक ०.२५ के.जी. प्रति व्यक्ति फोहर उत्पादन हुन्छ, जसमा ७० प्रतिशत जति जैविक फोहर भएको देखिन्छ। व्यास नगरपालिकामा प्रतिदिन ६ टन फोहरमैला उत्पादन हुन्छ ।

### २.१.१ *अन्य वातावरणीय समस्याहरू*


रासायनिक मल र किटनाशक औषधिको अत्याधिक प्रयोगवाट माटो तथा खाद्यन्न प्रदूषण वढेको छ । जमिन खन्ने काटने र खोर्ने काम नीजि स्तरवाट पनि अत्याधिक वढेकोले गंभीर असरहरु पैदा भैरहेको छ ।उर्वरभूमी र खेतियोग्य जमिनमा घरघडेरी गर्ने प्रवृति वढ्दै गएको छ । राष्ट्र व्यापीरुपमा देखापरेको यस प्रवृतिका कारण भविष्यमा गंभीर संकट निम्तिने स्थिति रहेको छ।

## २.१ संस्थागत स्रोत तथा क्षमता

### २.१.१ *नगरपालिका कार्यालयको आम्दानी विवरण*

आ.व. ०६१ / ६२ देखि ०६५ / ६६ सम्मको नगरपालिकाको आम्दानी विवरण तुलना गर्दा ब्राह्य स्रोतको आय वढ्दै गएको छ जुन क्रम गत वर्ष झनै तीव्र गतिमा बढेको देखिन्छ। तर कुल आफ्नै स्रोत भने यथावत रहेको देखिन्छ। दोश्रो जनआन्दोलनले गर्दा आ.व. ६२ / ६३ मा नगरपालिकाको कुल आम्दानी घटेको देखिन्छ।

**आ.व. ०६१ / ६२ देखि ०६५ / ६६ सम्मको बार्षिक आम्दानी विवरण**





| | आ.व.०६१।०६२ | आ.व.०६२।६३ | आ.व.०६३।६४ | आ.व.०६४।६५ | आ.व.०६५।६६ |
|---|---|---|---|---|---|
| कूल आफ्नै स्रोतको आय | १७८१३,६९०।११ | १३,१५१,१३६।४७ | १९,९०५,८११।५७ | १७९११९,०८७९१ | २०,४४६,७००।३२ |
| कूल वाह्य स्रोतको आय | ६,२९४,८८२।५५ | ५,४४३,२९३।७० | ११,५५५,७३७०० | १६,४०५,३८५।७८ | ३९,६०५,४०४।८४ |
| गत वर्षको जिम्मेवारी | ७३२,८६२।८५ | १,०५७,६०२।१९ | १,५७४,९५८।४९ | २,२०५,८४५।०२ | ३,८०७,३४०।४८ |
| कूल जम्मा | २४,८४१,४३५।५१ | १९,६५२,०३२।३६ | ३३,०३६,५१५।०६ | ३६,५३०,३१८।७१ | ६३,८५९,४४५।६४ |

*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

आ.व. ०६१ / ६२ देखि ०६५ / ६६ सम्मको आम्दानीको तुलना गर्दा अनुदानमा निरन्तर बृद्दि देखिन्छ भने अन्य आम्दानीमा न्यूनतम बृद्धि देखिन्छ। ०६५ / ६६ मा आम्दानीको आधा भन्दा बढी प्रतिशत अनुदानमा नै निर्भर रहेको देखिन्छ। आ.व.०६५/ ६६ देखि लागत सहभागिताको शरुवात गरेको छ।


**आ.व. ०६१ / ६२ देखि ०६५ / ६६ सम्मको बार्षिक आम्दानीको तुलनात्मक विवरण**




*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

आ.व. ०६१ / ६२ र ०६५ / ६६ को आम्दानीको तुलना गर्दा०६५/०६६ मा ऋण सहयोग शुन्य र अनुदानमा अधिकतम निर्भर रहेको देखिन्छ।

**आ.व.०६१/६२ र आ.व.०६५/६६ को तुलनात्मक आम्दानीका विवरण**





*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

## २.१.१ ***नगरपालिकाको खर्च विवरण***

नगरपालिकाको ०६१/६२ देखिको तुलनात्मक अध्ययन गर्ने हो भने कुल विकास खर्चमा क्रमाणुगत वृद्दि भएको देखिन्छ भने प्रशाासनिक खर्चमा न्यूनतम मात्र वृद्दि भएको छ। दोस्रो जनआन्दोलनले गर्दा आ.व. ०६२ /६३ मा नगरपालिकाको कुल आम्दानीमा कुल कमी भए जस्तै सम्पूर्ण खर्चमा पनि कमी छ ।

**आ.व. ०६१ /६२ देखि ०६५ / ६६ सम्मको बार्षिक खर्च विवरण**





| | आ.व.०६१।६२ | आ.व.०६२।०६३ | आ.व.०६३।६४ | आ.व.०६४।६५ | आ.व.०६५।६६ |
|---|---|---|---|---|---|
| कूल प्रशासनिक खर्च | ५,४६४,८७३।८२ | ४,३८३,२६२।६४ | ८,७४८,३८९।१२ | ९,९८१,२७०।२९ | १०,७८३,४८४।६४ |
| कूल विकास खर्च | १८,३१८,९५९।५० | १०,१४६,६४८।३५ | २२,०८२,२८०।९२ | २२,७४१,७०७।९३ | ४६,९५४,१२६।४२ |

श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.

प्रशासनिक खर्च


गत पाँच वर्ष देखिको बिषयगत खर्च हेर्दा शीर्षकहरुमा खासै फरक पाइँदैन। कुल प्रशासनिक खर्चको करीव ३० प्रतिशत पारिश्रमिकमा खर्च हुन्छ भने त्यसपछि भत्ता र सेवा तथा कार्यालय सञ्चालनमा हुन्छ। त्यस्तै प्रशासनिक खर्चको सबै शिर्षकमा समान रुपले वृद्दि भएको देखिन्छ।

### आ.व.०६१।६२ र आ.व.र ०६५।६६ को प्रशासनिक खर्चको तुलनात्मक विवरण




*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

### आ.व. ०६१ ६२ देखि ०६५ ६६ सम्मको बार्षिक प्रशासनिक खर्चको तुलनात्मक विवरण





*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

विकास खर्च


विकास खर्चको शिर्षकगत अध्ययन गर्दा भौतिक योजना तथा निर्माणमा बढी खर्च भएको देखिन्छ।आ.व. ०६१/६२ देखिको विकास खर्च तुलना गर्दा नगरपालिकाको सहभागितात्मक योजना संकलन प्रकियाले गर्दा फुटकर योजनाहरुमा उल्लेखनीय अनुपातिक वृद्दि भएको देखिन्छ। त्यस्तै भवन निर्माण तथा पुँजीगत सुधारमा अनुपातिक ह्रांस आएको देखिन्छ। ०६५ /६६ मा भौतिक योजना तथा निर्माण र गरिबी निवारण तथा सामाजिक उत्थान खर्चमा उल्लेखनीय वृद्दि भएको छ र फोहर मैला व्यवस्थापन तथा सर सफाईमा अधिक्तम खर्च देखिन्छ भने जनशक्ति तथा दक्षता वृद्दिमा र पर्यटन, वन वातावरण तथा भू संरक्षणमा न्यूनतम खर्च देखिन्छ।

**आ.व.०६१ । ६२ र आ.व.र ०६५ । ६६ को विकास खर्चको तुलनात्मक विवरण**





*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

**आ.व. ०६१ /६२ देखि ०६५ /६६ सम्मको बार्षिक विकास खर्चको तुलनात्मक विवरण**




*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

### २.१.१ *व्यास नगरपालिकाको संगठन स्वरुप*




NEST (P) Ltd.
Kilagal-18, Kathmandu, Nepal
Branch Office: Sankhamul, Kathmandu
Tel: 01-4784803, 01-4784515
Email: nestconsultancy@gmail.com

नगरपालिकाको सांगठनिक स्वरुपलाई नियालेर हेर्दा नगरपालिका क्षेत्रको सबभन्दा ठूलो आर्थिक संरचनाको अंश कृषि तथा पर्यटन नै समेटेको देखिन्न ।

स्वीकृत दरबन्दी संरचना

स्थायी दरबन्दीको दांजोमा करारमा कर्मचारी न्यून रहेको पाइन्छ । प्रशासन र प्राविधिक कर्मचारीको अनूपात २:१ रहेको छ ।

| श्रेणी | स्वीकृत दरबन्दी संख्या | स्थायी | करार | सेवा | |
|---|---|---|---|---|---|
| | | | | प्रशासन | प्राविधिक |
| अधिकृतस्तर छैठौं | २ | २ | | १ | १ |
| सहायकस्तर पांचौ | १४ | १३ | १ | ५ | ९ |
| सहायकस्तर चौथो | १९ | १८ | १ | १२ | ७ |
| सहायकस्तर तृतीय | ६ | ६ | | ३ | ३ |
| सहायकस्तर द्वितीय | ४ | ४ | | | ४ |
| सहायकस्तर प्रथम | २५ | १८ | ७ | २५ | |
| जम्मा | ७० | ६१ | ९ | ४६ | २४ |

*श्रोत: व्यास नगरपालिका, २०६७ वि.स.*

सन्दर्भ सामाग्रीहरु (References)


१ नगरपालिकाका लागि आवधिक योजना तर्जुमा निर्देशिका, २०५९, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, काठमाण्डौ ,नेपाल

२ व्यास नगरपालिकाको एकीकृत कार्यमुलक योजना, २०५५, आवास तथा शहरी विकास विभाग, स्थानीय प्रयासद्वारा शहरी विकास कार्यक्रम तथा व्यास नगरपालिका

३ Population Census 2001, GoN, National Commission Secretariat Central Bureau Of Statistics

४ व्यास नगरपालिका गाँउ नगर साझेदारी शाखाको हाल सम्मको कियाकलाप गतिविधि सारांशमा ( आ.वं. २०६५/६६)

५ सहभागीहरुबाट तयार गरिएको २० वटा नगरपालिकाहरुको फोहरमैला अवस्थावारे अध्ययन प्रतिवेदन, २०५८

६ Detailed Revenue and Expenditure Breakdown and Basic Financial Information fo 58 Municipalities of Nepal 9fY 22051/52 – 2054/55)

७ Municipal Organization Development and Administration (MODA Programme, Byas Municipality; July 25-August 21,1997

८ अन्तिम चौमासिक (खर्चको फाँटवारी) विवरण / २०६६

९ ISWM Need Assessment Report Vyas Municipality

१० एकिकृत दिगो फोहर व्यवस्थापन योजना

११ ISWM Project, Project Completion Report